२०७९ साउन ०५ गते तदनुसार (July 21, 2022) बिहीवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या सामाधान तथा सहजीकरण समिति सम्बन्धमा ।
२. अपाङ्गता परिचय पत्र वितरण सम्बन्धी स्थानीय समन्वय समिति गठन सम्बन्धमा ।
३. सूचीकृत सम्बन्धमा ।
४. गिटी बालुवा सम्बन्धमा ।
५. कृषि पशु कर्मचारी विज्ञापन सम्बन्धमा ।
६. स्वास्थ्य कर्मचारी विज्ञापन सम्बन्धमा ।
७. मोतिराज राई आँखा क्लिनिको लागि कर्मचारी विज्ञापन सम्बन्धमा ।
८. मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका बैठक सञ्चालन कार्यविधि,२०७९ सम्बन्धमा ।
९. मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली,२०७९ पारित सम्बन्धमा ।
१०. झोलोङ्गे पुल प्रस्ताव गर्ने सम्बन्धमा ।
११. स्वास्थ्य शाखा संयोजक र उप-संयोजकको जिम्मेवारी हेरफेर सम्बन्धमा ।

प्रमाणित गरिएको छ।

## २०७९ साल साउन ०५ गते बिहीवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: सामाजिक सुरक्षा भत्ता अनिवार्य रुपमा बैंकिङ प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्नु पर्ने राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको परिपत्र अनुसार आजको बैठकबाट पालिकाबाट तोक्नु पर्ने सदस्य तपसिल अनुसार तोक्ने निर्णय गरियो ।

तपसिल:

श्री राम कुमार राई, ५ नं. वडाध्यक्ष

श्री गोमा कुमारी बि.क., कार्यपालिका सदस्य

निर्णय नं.२. मानेभन्ज्याङ गाउँपालिकाको अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ को परिच्छेद-३ अनुसार परिचय पत्र ढाँचा र समन्वय समिति सम्बन्धि व्यवस्था भएको हुँदा सो अनुसार अपाङ्गता परिचय पत्र वितरण गर्ने समेत कार्यका लागि यस गाउँपालिकामा तपसिल बमोजिमको समिति गठन गरियो :

संयोजक – श्री आश्राचन राई, उपाध्यक्ष

सदस्य- श्री कृष्ण कुमारी राई, महिला सदस्य

सदस्य- श्री सूर्य बहादुर तामाङ, श्री भिमसेनस्थान मा.वि.को प्र.अ.

सदस्य – श्री स्वास्थ्य शाखा संयोजक

सदस्य – श्री मानेभन्ज्याङ प्रहरी चौकीको इन्चार्ज

सदस्य-सचिव – श्री महिला तथा बालबालिका शाखा प्रमुख

निर्णय नं.३. मानेभन्ज्याङ गाउँपालिकाको कार्यालयलाई आवश्यक पर्ने विभिन्न मेशिनरी उपकरणहरु, फर्निचर तथा फिक्चर्सहरु, कार्यालय सञ्चालनका लागि आवश्कय सामग्रीहरु, मेडिकल सामान औषधि जस्ता सामग्रीहरु खरिद गर्ने प्रयोजनको लागि आ.व.२०७९/८० को लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचिकृत गर्नको लागि सूचना निकाल्ने र सो सूचना पश्चात यस गाउँपालिकामा सूचिकृत भएको कम्पनी, फर्महरुबाट मात्र खरिद गर्ने निर्णय गरियो । सूचिकृत गर्दा प्रति कम्पनि तथा फर्म रु.१०००/- शुल्क लिने निर्णय गरियो ।

निर्णय नं.४: मानेभन्ज्याङ गाउँपालिकाको विभिन्न स्थानहरुमा सञ्चालन भइरहेको क्रसरहरुको बारेमा यस पालिकासँग कुनै सम्बन्ध नदेखिएको, पालिकाबाट दर्ताको लागि सिफारिस नलिएको देखिएको साथै यस पालिकाको विभिन्न नदीहरुबाट नदीजन्य पदार्थहरुको दोहन भइरहको भन्ने गुनासो र सूचना प्राप्त भएको हुँदा सो कार्यको छानविन गर्नको लागि आजको कार्यपालिका बैठकबाट तपसिल अनुसारको छानबिन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक – श्री विष्णु प्रसाद गौतम, ७ नं. वडाध्यक्ष

सदस्य- श्री विष्णु बहादुर तामाङ, ४ नं. वडाध्यक्ष

सदस्य- श्री जितेन्द्र राई, ३ नं. वडाध्यक्ष

सदस्य- श्री विमला के.सी., कार्यपालिका सदस्य

सदस्य सचिव- प्राविधिक शाखा

प्रमाणित गरिएको छ

निर्णय नं.५: मानेभन्ज्याङ गाउँपालिकाको कृषि तथा पशु शाखा अन्तरगत रहने एक गाउँ एक प्राविधिक कर्मचारीको रिक्त रहेको दरबन्दीमा विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.६: मानेभन्ज्याङ गाउँपालिका स्वास्थ्य शाखामा रिक्त रहेका दरबन्दीहरुमा विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.७: मोतिराज राई आँखा क्लिनिकको लागि करार सेवामा नेत्र सहायक (Opthalmic Assistant) र आँखा सहयोगी (Eye Helper) १/१ जना विज्ञापन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.८: मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका बैठक सञ्चालन कार्यविधि,२०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य शाखा संयोजकको लागि यसै मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य चौकी मोलिमा कार्यरत जनस्वास्थ्य निरीक्षक, अधिकृत छैठौं श्री ढबल राज राईबाट स्वास्थ्य संयोजकमा जिम्मेवारी दिनहुन भनि निवदेन पेश भइ आएको हुँदा उक्त निवेदन उपर आजको कार्यपालिका बैठकमा ब्यापक छलफल गरियो । साथै हाल कार्यरत

स्वास्थ्य संयोजक सि.अ.हे.ब. श्री विश्वराज दाहाल, अधिकृत छैठौं रहेको, उक्त स्वास्थ्य संयोजक पदमा दुवै जनाको दाबी रही आएको हुँदा आजको कार्यपालिका बैठकमा मन्त्रालयबाट उपलब्ध भएको गाउँपालिकाको दरबन्दी तेरिजको आधारमा स्वास्थ्य संयोजक पदमा हेल्थ इन्स्पेक्सन समूहको जनस्वास्थ्य निरीक्षक,अधिकृत छैठौं रहने व्यवस्था भएको हुँदा, उक्त पदको स्वास्थ्य कर्मचारी नहुँदा मात्र अन्य हुने भन्ने भएको हुनाले जनस्वास्थ्य निरीक्षक, अधिकृत छैठौं श्री ढवल राज राईलाई यस मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य संयोजकको जिम्मेवारी दिने निर्णय गरियो, साथै हाल कार्यरत स्वास्थ्य संयोजक श्री विश्वराज दाहाललाई यसै गाउँपालिकाको वडा नं. ५ को स्वाथ्य चौकीको इन्चार्जको जिम्मेवारी दिने निर्णय गरियो ।

त्यस्तै, यस मानेभन्ज्याङ गाउँपालिकाको स्वास्थ्य शाखाको उप संयोजकमा कार्यरत सि.अ.हे.ब. अधिकृत छैठौं श्री दुखी राउतलाई आफ्नो दरबन्दी रहेको केत्तुके स्वास्थ्य चौकीमा नै जिम्मेवारी दिने र उक्त उप संयोजक पदमा मन्त्रालयको दरबन्दी तेरिज अनुसार स्टाफ नर्स ५/६ औं, समूह क.न. हुने व्यवस्था बमोजिम यसै गाउँपालिकाको वडा नं. ५ को स्वास्थ्य चौकीमा कार्यरत सि.अनमि, अधिकृत छैठौं श्री अम्बिका दाहाललाई जिम्मेवारी दिने निर्णय गरियो ।यो निर्णय मिति २०७९ साउन ६ गतेबाट नै लागू हुने निर्णय गरिएको छ ।

निर्णय नं.११: यस मानेभन्ज्याङ गाउँपालिकाको तपसिल अनुसारको खोलामा झोलोङ्गे पुल आवश्यक परेको· हुँदा सस्पेन्सन डिभिजन कार्यालय, पुल्चोकलाई झोलोङ्गे पुल प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल:

१. मोलुङ दोभान सोखु बेंशी झोलोङ्गे पुल
२. आहाले घुर्मी झोलोङ्गे पुल
३. फडिरे झोलोङ्गे पुल
४. खचापु झोलोङ्गे पुल

प्रमाणित गरिएको छ